नेपाल सरकार
गृह मन्त्रालय
**प्रहरी प्रधान कार्यालय**
**( मानवश्रोत एवं प्रशासन विभाग, भर्ना तथा छनौट महाशाखा )**
नक्साल, काठमाण्डौं ।
प्रथम पटक प्रकाशित मिति :- २०७५/११/१३ गते ।

# नयाँ भर्ना सम्बन्धी सूचना ।।।

नेपाल प्रहरीमा **प्राविधिक समूह** अन्तर्गत विभिन्न उप-समूह तर्फ रिक्त **प्राविधिक प्रहरी जवान** पदमा खुला प्रतियोगिताद्वारा समावेशी प्रावधान अनुसार पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिमको योग्यता पुगेका नेपाली नागरिकहरुबाट रु.१०।- को टिकट टाँसी (स्वयम् उपस्थित भई) दरखास्त आव्हान गरिन्छ ।

## १. आवश्यक माग पद संख्या :-

| सि. नं. | विज्ञापन नं. | कार्यालय | उप-समूह | खुला | अमर/अशक्त प्रहरी परिवार | समावेशी समूह | | | | | जम्मा माग संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | आ./ज. | मधेसी | महिला | दलित | पि.क्षे. | |
| १. | ३८ (०७५/७६) | सञ्चार निर्देशनालय तर्फ | इन्जिनियरिङ | ५११ | १९ | १३४ | ११८ | ८४ | ६२ | २१ | **९४९** |
| २. | ३९ (०७५/७६) | सूचना प्रविधि निर्देशनालय तर्फ | इन्जिनियरिङ | १३ | १ | ४ | ३ | ३ | १ | - | **२५** |
| ३. | ४० (०७५/७६) | भौतिक पूर्वाधार निर्देशनालय तर्फ | इन्जिनियरिङ | १६ | १ | ५ | ३ | ३ | ३ | - | **३१** |
| ४. | ४१ (०७५/७६) | सवारी महाशाखा तर्फ | इन्जिनियरिङ | ६० | २ | १६ | १४ | १० | ८ | १ | **१११** |
| ५. | ४२ (०७५/७६) | केनाइन महाशाखा तर्फ | केनाइन (डग हेण्डलर) | ४२ | १ | १२ | १० | ७ | ६ | १ | **७९** |
| ६. | ४३ (०७५/७६) | हातहतियार मर्मत शाखा तर्फ | हातहतियार | ४ | - | २ | - | १ | - | - | **७** |
| ७. | ४४ (०७५/७६) | नेपाल प्रहरी अस्पताल तर्फ | स्वास्थ्य | १८ | - | ६ | ४ | ३ | ३ | - | **३४** |
| ८. | ४५ (०७५/७६) | केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशाला तर्फ | विधि विज्ञान | ५ | १ | २ | १ | १ | १ | - | **११** |
| ९. | ४६ (०७५/७६) | नेपाल प्रहरी संगीत विद्यालय तर्फ | संगीत | ९४ | ४ | २५ | २१ | १६ | १२ | ३ | **१७५** |

## २. दरखास्त फाराम दर्ता मिति :- २०७५/११/१६ गते, बिहान १०:०० बजेदेखि २०७५/१२/२२ गते, १७:०० बजेसम्म (सार्वजनिक विदाको दिन बाहेक) ।

## ३. दरखास्त फाराम पाइने र बुझाउने स्थान :-

| कार्यालय | सम्पर्क नम्बर |
|---|---|
| महानगरीय प्रहरी परिसर, काठमाण्डौं । | ९८५१२८३०१२ |
| महानगरीय प्रहरी परिसर, भक्तपुर । | ९८५१२८३०२० |
| महानगरीय प्रहरी परिसर, ललितपुर । | ९८५१२८३०१७ |
| प्रदेश प्रहरी तालिम केन्द्र, विराटनगर । | ९८५२०९०१८० |
| प्रदेश प्रहरी तालिम केन्द्र, जनकपुर । | ९८५४०९०६०० |
| प्रदेश प्रहरी तालिम केन्द्र, दुधौली सिन्धुली । | ९८५४०४१७८९ |
| प्रदेश प्रहरी तालिम केन्द्र, पोखरा । | ९८५६०६८१२२ |
| प्रदेश प्रहरी तालिम केन्द्र, बुटवल । | ९८५७०९०४४४ |
| प्रदेश प्रहरी तालिम केन्द्र, सुर्खेत (हाल नेपालगंज) । | ९८५८०९०११५ |
| प्रदेश प्रहरी तालिम केन्द्र, दिपायल । | ९८५८४९००८४ |
| जिल्ला प्रहरी कार्यालय, (सबै) । | सम्बन्धित जि.प्र.का.हरु |

## ४. उमेर/दरखास्त दस्तुर :-

| उमेरको हद | दस्तुर |
|---|---|
| दरखास्त फाराम दर्ता गर्ने अन्तिम मितिसम्म १८ वर्ष उमेर पूरा भई २३ वर्ष ननाघेको । तर बहालवाला श्रेणी विहीन प्रहरी कर्मचारीको हकमा प्रहरी नियमावली, २०७१ (संशोधन सहित) को नियम ४० बमोजिम २५ वर्ष ननाघेको हुनु पर्नेछ । | दरखास्त फारामसाथ राजश्व दस्तुर बापत रु.१५० (एक सय पचास) बुझाउनु पर्नेछ । साथै एक भन्दा बढी समूहमा दरखास्त दिने उम्मेदवारको हकमा प्रत्येक समूहको लागि २० प्रतिशत (रु.३०) का दरले थप दस्तुर लाग्ने छ । |

## ५. आवश्यक न्यूनतम योग्यता :-

| पद | आवश्यक न्यूनतम योग्यता |
|---|---|
| **सञ्चार निर्देशनालय तर्फ** | |
| प्राविधिक प्रहरी जवान | १. शैक्षिक योग्यताः मान्यता प्राप्त शिक्षण संस्थाबाट SLC/SEE वा सो सरह उत्तीर्ण गरेको ।<br>२. नैतिक पतन देखिने फौजदारी अभियोगमा सजायँ नपाएको,<br>३. राजनैतिक दलको सदस्य नरहेको,<br>४. आतङ्ककारी सङ्गठनको सदस्य नरहेको,<br>५. भविष्यमा सामान्यतया सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरि नोकरीबाट बर्खास्त नभएको,<br>६. उचाई, छाती र तौलः<br>(क) पुरुष- उचाई घटीमा ५ फिट २ ईन्च, छाती ३१-३३, तौल ५० के.जी.<br>(ख) महिला- उचाई घटीमा ५ फिट, तौल ४२ के.जी.<br>७. आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको,<br>८. प्रहरी प्रधान कार्यालयबाट तोकिएको स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको (परीक्षा सञ्चालनको क्रममा हुने),<br>९. नेपाली नागरिक । |
| **सूचना प्रविधि निर्देशनालय तर्फ** | |
| प्राविधिक प्रहरी जवान | १. मान्यता प्राप्त शिक्षण संस्थाबाट SLC/SEE वा सो सरह उत्तीर्ण गरेको तथा मान्यता प्राप्त तालिम संस्थाबाट कम्तिमा १ (एक) महिनाको सूचना प्रविधि विषयको तालिम सीप प्रमाण पत्र प्राप्त गरेको ।<br>२. सञ्चार निर्देशनालय तर्फको प्राविधिक प्रहरी जवान पदको लागि तोकिए बमोजिम क्र.सं. (२) देखि (९) सम्मको अन्य योग्यताहरु पुरा भएको । |
| **भौतिक पूर्वाधार निर्देशनालय तर्फ** | |
| प्राविधिक प्रहरी जवान | १. मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा ८ (आठ) कक्षा वा सो सरह उत्तीर्ण गरि प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषद वा सो सरहको संस्थाबाट सम्बन्धित बिषय (सिकर्मी, डकर्मी, पेन्टर, बिजुली, प्लम्बर र नकर्मी) मा सीप प्रमाण पत्र प्राप्त गरेको ।<br>२. सञ्चार निर्देशनालय तर्फको प्राविधिक प्रहरी जवान पदको लागि तोकिए बमोजिम क्र.सं. (२) देखि (९) सम्मको अन्य योग्यताहरु पुरा भएको । |
| **सवारी महाशाखा तर्फ** | |
| प्राविधिक प्रहरी जवान | १. मान्यता प्राप्त शिक्षण संस्थाबाट SLC/SEE वा सो सरह उत्तीर्ण गरेको ।<br>२. सञ्चार निर्देशनालय तर्फको प्राविधिक प्रहरी जवान पदको लागि तोकिए बमोजिम क्र.सं. (२) देखि (९) सम्मको अन्य योग्यताहरु पुरा भएको । |
| **केनाइन महाशाखा तर्फ** | |
| प्राविधिक प्रहरी जवान (डग हेण्डलर) | १. मान्यता प्राप्त शिक्षण संस्थाबाट SLC/SEE वा सो सरह उत्तीर्ण गरेको ।<br>२. सञ्चार निर्देशनालय तर्फको प्राविधिक प्रहरी जवान पदको लागि तोकिए बमोजिम क्र.सं. (२) देखि (९) सम्मको अन्य योग्यताहरु पुरा भएको । |
| **हातहतियार मर्मत शाखा तर्फ** | |
| प्राविधिक प्रहरी जवान | १. मान्यता प्राप्त शिक्षण संस्थाबाट SLC/SEE वा सो सरह उत्तीर्ण गरेको ।<br>२. सञ्चार निर्देशनालय तर्फको प्राविधिक प्रहरी जवान पदको लागि तोकिए बमोजिम क्र.सं. (२) देखि (९) सम्मको अन्य योग्यताहरु पुरा भएको । |
| **नेपाल प्रहरी अस्पताल तर्फ** | |
| प्राविधिक प्रहरी जवान | १. मान्यता प्राप्त शिक्षण संस्थाबाट SLC/SEE वा सो सरह उत्तीर्ण पश्चात् मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा ३ (तीन) महिना स्वास्थ्य सम्बन्धी तालिम प्राप्त गरेको ।<br>२. सञ्चार निर्देशनालय तर्फको प्राविधिक प्रहरी जवान पदको लागि तोकिए बमोजिम क्र.सं. (२) देखि (९) सम्मको अन्य योग्यताहरु पुरा भएको । |
| **केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशाला तर्फ** | |
| प्राविधिक प्रहरी जवान | १. मान्यता प्राप्त शिक्षण संस्थाबाट SLC/SEE वा सो सरह उत्तीर्ण गरेको ।<br>२. सञ्चार निर्देशनालय तर्फको प्राविधिक प्रहरी जवान पदको लागि तोकिए बमोजिम क्र.सं. (२) देखि (९) सम्मको अन्य योग्यताहरु पुरा भएको । |
| **केन्द्रीय प्रहरी संगीत विद्यालय तर्फ** | |
| प्राविधिक प्रहरी जवान | १. मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा ८ (आठ) कक्षा वा सो सरह उत्तीर्ण गरेको ।<br>२. सञ्चार निर्देशनालय तर्फको प्राविधिक प्रहरी जवान पदको लागि तोकिए बमोजिम क्र.सं. (२) देखि (९) सम्मको अन्य योग्यताहरु पुरा भएको । |

## ६. दरखास्त साथ समावेश गर्नुपर्ने कागजातहरु :-

(क) नेपाली नागरिकताको प्रतिलिपि १ (एक) प्रति ।

(ख) हाल सालै खिचेको दुवै कान देखिने पासपोर्ट साइजको फोटो ५ (पाँच) प्रति ।

(ग) आफूले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि १/१ (एक/एक) प्रति (प्रत्येक तहको चारित्रिक, स्थायी वा प्रोभिजनल प्रमाण-पत्र र मार्कशिट सहित तथा नेपाल बाहिर अध्ययन गरेको हकमा उच्च माध्यमिक शिक्षा परिषद/त्रि.वि.वि.बाट समकक्षता निर्धारणको प्रमाण पत्र (Equivalent Certificate) ।

(घ) **आदिवासी/जनजातिका** हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तह/निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनि प्रमाणित गराएको कागजात ।

(ङ) **दलितका** हकमा राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तह/निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनि प्रमाणित गराएको कागजात ।

(च) **मधेसीका** लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरि तोके बमोजिमको संस्थाबाट मधेसी भनि प्रमाणित भएको तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरि संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनि प्रमाणित भएको प्रमाण पत्रको प्रतिलिपि-१ (एक) प्रति ।

(छ) **पिछडिएको क्षेत्रका** लागि (**अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला**) जिल्लामा स्थायी बसोवास गरि सम्बन्धित जिल्लाबाट नै नागरिकताको प्रमाण पत्र प्राप्त गरेको तथा सम्बन्धित गाँउपालिका वा नगरपालिकाबाट दरखास्त पेश गर्दाका वखतसम्म सोही स्थानमा स्थायी बसोवास भएको भन्ने सिफारिस गरिएको । स्थायी वसोवास भएको जिल्ला बाहेक अन्यत्र जिल्लाबाट नागरिकता लिएको भएमा नागरिकता जारी भएको जिल्ला प्रशासन कार्यालयबाट सो गर्नु परेको कारण उल्लेख भएको पत्र लिएको हुनु पर्नेछ ।

(ज) **अमर/अशक्त प्रहरी परिवारको** लागि अमर/अशक्त भएको कुरा पुष्टि हुने कागजपत्र र नाता प्रमाणित कागजपत्र ।

(झ) दरखास्त फारामसँग संलग्न गरि पेश गर्ने कागजातहरुको प्रतिलिपिको पछाडि पट्टि **'सक्कल बमोजिम नक्कल ठिक छ'** भनि उम्मेदवार स्वयम्ले अनिवार्य रुपमा दस्तखत गर्नु पर्नेछ ।

## ७. <u>परीक्षा विधि र परीक्षा हुने स्थान</u> :-

- प्रारम्भिक स्वास्थ्य परीक्षण तथा शारीरिक तन्दुरुस्ती परीक्षा,
- विस्तृत स्वास्थ्य परीक्षण परीक्षा,
- लिखित परीक्षा (**लोक सेवा आयोगबाट सञ्चालन हुने हुँदा लोक सेवा आयोगद्वारा तोकेको परीक्षा केन्द्रहरुमा सञ्चालन हुने**),
  - ❖ वस्तुगत बहुउत्तर प्रश्नको गलत उत्तर बापत २० प्रतिशत अंक कट्टा गरिने व्यहोरा जानकारी गरिन्छ ।
- प्रयोगात्मक परीक्षा,
- अन्तर्वार्ता ।

➢ **परीक्षा सञ्चालन हुने स्थान:**

| सि.नं. | दरखास्त फाराम वितरण तथा दर्ता केन्द्र | परीक्षा संचालन हुने स्थान |
|---|---|---|
| १. | प्रदेश प्रहरी तालिम केन्द्र विराटनगर, जि.प्र.का.ईलाम, झापा, पाँचथर, ताप्लेजुङ्ग, भोजपुर, धनकुटा, मोरङ्ग, संखुवासभा, सुनसरी, तेह्रथुम, खोटाङ्ग, ओखलढुंगा, सोलुखुम्बु,र उदयपुरमा दरखास्त दर्ता गरेका उम्मेदवारहरुको हकमा । | १ नं. प्रदेश प्रहरी तालिम केन्द्र, विराटनगर । |
| २. | प्रदेश प्रहरी तालिम केन्द्र जनकपुर, जि.प्र.का.सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सामा दरखास्त दर्ता गरेका उम्मेदवारहरुको हकमा । | २ नं. प्रदेश प्रहरी तालिम केन्द्र, जनकपुर । |
| ३. | प्रदेश प्रहरी तालिम केन्द्र सिन्धुली, जि.प्र.का.दोलखा, रामेछाप, सिन्धुली, चितवन र मकवानपुरमा दरखास्त दर्ता गरेका उम्मेदवारहरुको हकमा । | ३ नं. प्रदेश प्रहरी तालिम केन्द्र, सिन्धुली । |
| ४. | गण्डकी प्रदेश प्रहरी तालिम केन्द्र पोखरा, जि.प्र.का.गोरखा, लम्जुङ्ग, तनहुँ, कास्की, मनाङ, मुस्ताङ, पर्वत, स्याङजा, म्याग्दी र बाग्लुङ्गमा दरखास्त दर्ता गरेका उम्मेदवारहरुको हकमा । | गण्डकी प्रदेश प्रहरी तालिम केन्द्र, पोखरा । |
| ५. | प्रदेश प्रहरी तालिम केन्द्र बुटवल, जि.प्र.का.नवलपरासी (बर्दघाट सुस्ता पूर्व), नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), रुपन्देही, कपिलवस्तु, पाल्पा, अर्घाखाँची, गुल्मी, रोल्पा, प्यूठान र दाङमा दरखास्त दर्ता गरेका उम्मेदवारहरुको हकमा । | ५ नं. प्रदेश प्रहरी तालिम केन्द्र, बुटवल । |
| ६. | कर्णाली प्रदेश प्रहरी तालिम केन्द्र सुर्खेत (हाल नेपालगंज), जि.प्र.का.रुकुम (पूर्वि भाग), रुकुम (पश्चिम भाग), बाँके, बर्दिया, सल्यान, डोल्पा, जुम्ला, मुगु, हुम्ला, कालिकोट, जाजरकोट दैलेख र सुर्खेतमा दरखास्त दर्ता गरेका उम्मेदवारहरुको हकमा । | कर्णाली प्रदेश प्रहरी तालिम केन्द्र, सुर्खेत (हाल नेपालगंज) । |
| ७. | सुदूर पश्चिम प्रदेश प्रहरी तालिम केन्द्र दिपायल, जि.प्र.का.बाजुरा, बझाङ, डोटी, अछाम, दार्चुला, बैतडी, डडेलधुरा, कञ्चनपुर र कैलालीमा दरखास्त दर्ता गरेका उम्मेदवारहरुको हकमा । | सुदूर पश्चिम प्रदेश प्रहरी तालिम केन्द्र, दिपायल । |
| ८. | म.न.प्र.परिसर काठमाण्डौ, भक्तपुर, ललितपुर साथै जि.प्र.का.काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, रसुवा, नुवाकोट र धादिङ्गमा दरखास्त दर्ता गरेका उम्मेदवारहरुको हकमा । | महानगरीय प्रहरी शिक्षालय, महाराजगंज । |

**८. <u>सम्पर्क मिति तथा स्थान</u>** :- २०७६/०१/०४ गते विहान ११:०० बजे, दरखास्त फाराम दर्ता गर्ने सम्बन्धित प्रहरी कार्यालयहरु ।

**<u>पुनश्च</u>:**

१. हरेक चरणको परीक्षा समाप्ती पश्चात नतिजा प्रकाशन गरिनेछ र उत्तीर्ण उम्मेदवारहरुलाई मात्र अर्को चरणको परीक्षामा सम्मिलित गराइनेछ ।

२. परीक्षा संचालन गर्दा खुला तथा समावेशी तर्फको एउटै परीक्षा संचालन गरिनेछ र निजहरुले प्राप्त गरेको अंकको आधारमा समावेशी तर्फका उम्मेदवारहरु बिचमात्र छुट्टा-छुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ ।

३. दरखास्त पेश गर्दा सक्कल प्रमाण-पत्रहरु साथमा लिई उम्मेदवार स्वयम् उपस्थित हुनु पर्नेछ ।

४. यस विज्ञापन सम्बन्धी सूचना तथा विभिन्न चरणमा लिइने परीक्षाहरुको पाठ्यक्रम नेपाल प्रहरीको वेभसाईटः *www.nepalpolice.gov.np* मा समेत हेर्न सकिनेछ र दरखास्त फाराम सोही वेभसाइटबाट डाउनलोड गरि आवश्यक कागजातहरु संलग्न राखि तोकिएको कार्यालयमा पेश गर्न सकिने छ ।

मिति:- २०७५/११/१३ गते ।


**प्रहरी प्रधान कार्यालय**
मानवश्रोत एवं प्रशासन विभाग
भर्ना तथा छनौट महाशाखा
नक्साल, काठमाण्डौं ।
फोन नम्बर : ०१-४४१४९०६